भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

..........................शाखा

खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं. (प्रशासन)/०७६।७७
च.नं.: १६०० ।-

मितिः २०७७/०३/१८

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको पत्र संख्या ०७६/०७७ च.नं. ४५१ मिति २०७७।०३।११ गतेको पत्रानुसार प्रत्येक स्थानीय तहले आफ्रो कार्य क्षेत्रभित्र रहेका सुरक्षित नागरिक आवासको सम्भावित लाभग्राहीको संख्या वडागत रुपमा सम्बन्धित विभागमा उपलब्ध गराउनु पर्ने उल्लेख भए बमोजिम तँहा वडामा रहेका लाभग्राहीहरु सुरक्षित नागरिक आवास कार्यान्वयन(पहिला संशोधन) कार्यविधि, २०७६ को अनुसूची १ बमोजिमको लाभग्राहीहरुको छनौटका आधारहरुमा रही आवश्यक संख्या पहिचान तथा छनौट गरी सो को विवरण यथाशीघ्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

.....................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत छैटौं

# अनुसूची १

## (दफा ४ को उपदफा (१)  संग सम्वन्धित)

## <u>लाभग्राहीहरूको छनौटका आधारहरू</u>

| क्र.स | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ⊛३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म -५<br>६० भन्दा वढी -० | |
| २ | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी -५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी -० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | ⊛फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल - ५<br>ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक  (स्वामीत्व पाउन सकिने) वा  स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) -१०<br>नदी/ताल किनारामा बसोबास गरेको -० | |
| ५ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१०<br>अन्य -० | |

**नोट :** (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेस गरिने छैन ।

(२) प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारलाई दफा ४ को उपदफा (२) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन ।

(३) गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गरिरहेको हकमा उपरोक्त अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन । स्थानीय तहको सिफारिसको आधारमा सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनौट गर्नेछ ।

---

⊛ पहिलो संशोधनद्वारा संशोधित ।

०६६/०४/१८